# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## (चौंतिसौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण
### मिति : २०७६/०५/०४ गते, अपरान्ह १:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर १८ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्बप्रथम, म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँछु ।

मिति: २०७६।०४।२६

**विषय : प्रमाणिकरण सम्बन्धमा ।**

श्री प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा तहाँको पत्र संख्या २०७६/७७ च.नं. २४ मिति २०७६।०४।१४ को पत्र सहित प्राप्त प्रदेश सभाबाट पारित **"प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य अधिकार र कार्यविधिको सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७६"** मिति २०७६।०४।२६ मा माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएकोले १(एक) प्रति विधेयक यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब, शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतम ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, यही श्रावण २९ गते नवलपुर जिल्लाको मध्यबिन्दु नगरपालिका वडा नं.८ मा मालवाहक ट्रकको ठक्करबाट अरुणखोलाको पुल क्षति भई यातायात अवरुद्ध भएको छ। अब चाडपर्व समेत शुरु भएको र त्यतिबेला

पनि जनै पूर्णिमाको अघिल्लो दिन थियो। सम्पूर्ण यात्रीहरुले ८-९ किलोमिटर सम्म जाममा बस्नु पर्ने र यातना भोग्नु पर्ने र एक बोतल पानी र एउटा चाउचाउ समेत उपलब्ध नहुने र पाइ हाल्दा पनि रु.१०० तिर्नु पर्ने अवस्थामा यात्रुहरु अत्यन्तै कष्टदायी यात्रा गर्न बाध्य भएका छन्। त्यसैले यो मानिसको आवत जावत गर्ने हकलाई समेत सुरक्षित गर्दै छिटो भन्दा छिटो तत्काल त्यो डाइभर्सन पनि पटक पटक बनाउने र भत्किने र पानी आउने बित्तिकै भत्केर समस्या हुने भएको छ। कहिले गाडी फँसने समस्या छ। त्यसैले समयमा नै यो पुल सुचारु रुपले चल्ने गरी यो पुललाई निर्माण गरी मर्मत गरी यात्रुलाई सहज रुपमा यातायात गर्ने अवसर प्रदान गर्नलाई यो सम्माननीय यो सभा मार्फत यो माननीय सभामुख मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै र यो तुरन्त छिटो यसको समस्याको समाधान होस् भन्ने मेरो आफ्नो जोडदार माग राख्न चाहन्छु। हस् त धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब बिशेष समय प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।

सर्वप्रथम माननीय सदस्य श्री मिना गुरुङ। समय १५ मिनेट।

## माननीय मिना गुरुङ

माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ मौलिक हक अन्तर्गत धारा ३४ (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था गरेकोले सरकारले मजदुर र व्यवसायिक प्रतिष्ठानको हितलाई मध्येनजर गर्दै कानून बनाएर योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। यो अत्यन्तै लोकप्रिय कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय सरकारलाई पार्टीको च्यानलबाट हामी सबैले क्यास गर्न जान्नु पर्छ। यो कार्यक्रमको तीनै तहको सरकार नेकपाले मात्रै होइन प्रतिपक्ष पार्टीले पनि खुलेर प्रसंशा गर्नुपर्छ भन्ने मलाई लाग्छ। हामी जसका लागि राजनीति गरिरहेका छौं उहाँहरुको सामाजिक सुरक्षाको प्रत्याभूति हुनु, हामी जसका लागि राजनीति गरिरहेका छौं उहाँहरुको सामाजिक सुरक्षाको प्रत्याभूति हुनु भनेको एकदमै राम्रो र दिर्घकालीन रुपमा समस्या समाधानको उपाय पनि हो अहिले हाम्रो नौ लाख भन्दा बढि औद्योगिक प्रतिष्ठानहरु रहेका छन्। त्यहाँ कार्यश्रमिकको संख्या चौंतिस लाख छ। त्यस्तै असंगठित क्षेत्रमा काम गर्ने मजदुरहरुको संख्या पनि ठूलो छ। हामीले संगठित मात्रै नभएर असंगठितहरुको पनि सामाजिक सुरक्षाको बारे पनि सोच्नु पर्ने बेला यो जरुरी विषयलाई म विशेष आजको यस सम्मानित सभामा उठान गर्न चाहन्छु। माननीय सभामुख महोदय, सामाजिक सुरक्षा कोषमा दर्ता भएका प्रतिष्ठानहरु जम्मा पैंतालिस वटा छन् वास्तवमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको बारेमा प्रचार प्रसारमा कमि भएको हो जस्तो लाग्छ। के व्यवसायिक, के मजदुर, सबैको हितमा छ यो कार्यक्रम अहिले एकातिर व्यवसायिक दक्ष जनशक्तिको अभावले पिरोलिएका छन् अर्कोतिर युवाहरु विदेश पलायन भएको अवस्था छ। श्रमिकलाई अप्ठयारो पर्दा सामाजिक सुरक्षा हुन्छ, सामाजिक न्याय पाइन्छ भन्ने भयो भने नेपालमै बसेर काम गर्ने वातावरण बन्न सक्छ। यो कार्यक्रमले श्रमिकलाई मात्रै होइन व्यवसायिकलाई समेत फायदा पुग्ने छ। सीपयुक्त जनशक्तिको अभाव बेला बेलामा भोगिरहनु पर्ने छैन। अदक्ष जनशक्तिबाट काम लिनु पर्ने छैन। पूर्ण व्यवसायिकताको प्रत्याभूति पनि हुनेछ। श्रमिक वर्गबाट बन्द, हडताल र अनावश्यक सास्ति पनि भोग्नु पर्ने अवस्था समेत रहँदैन। के यो व्यवसायीहरुको पनि दायित्व होइन र? माननीय सभामुख महोदय, युवा विदेश पलायन रोक्ने मुलुकमा रोजगारी स्थापना गर्ने जस्ता कामहरु हामीले देखेका छौं। विदेशमा यस्तो छ भनेर गफ पनि गर्छौं। आज पूर्वी यूरोप, अमेरिका र अष्ट्रेलिया जस्ता मुलुकहरु सामाजिक सुरक्षाको कार्यक्रमले गर्दा नै लोकप्रिय बनी रहेका छन् र राज्यलाई कर पनि तिर्छन्। त्यसकारणले हामीले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको व्यापक प्रचार प्रसार गर्नुपर्ने जरुरी देखिएको छ भने न्यूनतम ज्यालालाई कार्यान्वयन गर्नुपर्ने आजको हाम्रो प्रमुख कार्यान्वयनको पाटोमा हामीले ध्यान पुर्‍याउनु पर्ने कुरालाई म आज विशेष जोड दिन चाहन्छु र

अन्त्यमा यो सरकारको मात्रै कार्यक्रम होइन यो प्रतिपक्ष पार्टी र मुलुककै कार्यक्रम हो भन्ने पनि अनुरोध गर्दै छिटो भन्दा छिटो न्यूनतम ज्याला कार्यान्वयन गर्न र योगदानमा आधारित सामाजिक सुरक्षालाई व्यापक प्रचार प्रसार गरी यसलाई कार्यान्वयन गर्नका लागि अनुरोध गर्दै विदा हुन्छु। हस् त धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री विन्दु कुमार थापा । समय ६ मिनेट ।

## माननीय विन्दु कुमार थापा

सभामुख महोदय, नेपालीमा एउटा उखान छ। बुढि मरी भन्दापनि काल पल्टियो भनेर डर मान्नु। बढो दुखका साथ आज म यो उखान प्रस्तुत गरी रहेको छु। नेपालमा सयौं राजनीतिक पार्टी छन्। तिनका सयौं नेताहरु छन्। त्यति मात्रै होइन हाम्रै समाजमा पनि राजनीति भन्दा बाहिरका पनि थुप्रै नेताहरु छन्। जसलाई हामीले आदर गर्नु पर्छ र गरिरहेका छौं। यो प्रसंग मैले यहाँ किन निकालिरहेको छु भने स्वर्गीय रविन्द्र अधिकारी पोखराका एउटा आशा लाग्दा नेता हुनुहन्थ्यो र नेपाली राजनीतिले उहाँलाई संधै सम्झिने रहने छ। उहाँप्रति म नमन गर्दछु र हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राज्यले उहाँको योगदानको उच्च मूल्याङ्कन गरोस् र अनन्तकालसम्म पनि उहाँलाई सम्झि रहने रचनात्मक काम गरोस् भन्ने मेरो धारणा छ। यति भनि रहनुको पछाडी कुरा भनेको हो, अहिले पोखरा-५ मालेपाटन स्थित बागवानी तथा कृषि अनुसन्धान केन्द्रको जग्गामा रविन्द्र अधिकारी स्मृति प्रतिष्ठानको भवन बनाउने तयारी भई रहेको बुझ्नमा आएकोछ। नेपाल सरकारको नाममा रहेको करिब २ रोपनी सरकारी जग्गा फाउण्डेशनको नाममा लैजाने प्रक्रिया शुरु भएको हामीलाई जानकारी आएको छ। म प्रदेश सरकारलाई सोध्न चाहन्छु यसरी नेताको, नेताका नाममा खुलेका सबै संस्थालाई सरकारले जग्गा दिई रहन सक्छ? यो कदापि सम्भव हुँदैन। सभामुख महोदय, आज रविन्द्र अधिकारीको स्मृति प्रतिष्ठानलाई जग्गा दिने भोलि अर्को माग्न आउला, उसलाई दिने कि नदिने? सबैलाई दिने हो र त्यो सम्भव छ भने यसमा मेरो कुनै आपत्ति छैन। नत्र त्यो सक्ने र हुने कुरै होइन। यो प्रकृया तुरन्त रोकियोस् र सार्वजनिक जग्गा कुनै अमुक प्रतिष्ठानका नाममा दिने परिपाटी बन्द गरियोस्। सरकारसँग मेरो जोडदार माग छ। यो मात्रै होइन, प्रतिष्ठानका नाममा प्रदेश सरकार, स्थानीय सरकार र संघ सरकारले समेत बजेट व्यवस्था गरेको छ। संघ सरकारबाट यो २०७६/०७७ को बजेटमा १ करोड, प्रदेश सरकारबाट दुई वटा शिर्षकमा एउटा रविन्द्र स्मृति भवन निर्माणका लागि पचास लाख रुपैयाँ र अर्को रविन्द्र स्मृति सुन गुफा तिकलाङ भनेर साठी लाख रुपैयाँ गरी एक करोड दस लाख र महानगरपालिकाबाट अंक नै नतोकिए पनि बीस लाख भन्दा बढि रकम रविन्द्र स्मृति प्रतिष्ठानको नाममा आ.व.२०७६/०७७ मा बजेट छुट्टाइएका छन्। पैसा दिने विषयमा मेरो आपत्ति होइन। आपत्ति राज्यप्रतिको योगदानलाई नामेट पार्ने र पार्टीका मान्छेलाई अनावश्यक रुपमा पोष्ने परिपाटी प्रति एउटा व्यक्ति वा प्रतिष्ठानका लागि तीनै तहका सरकार एकहोरो लाग्नु के बाध्यता हो? विपक्षी पार्टीका स्वर्गीय नेताहरुको नाम समेत सुन्न नचाहने सरकारलाई एउटा गुट र पार्टीगत राजनीतिबाट माथि उठ्नको लागि म विनम्र आग्रह गर्दछु। पोखरामा सरकारी जग्गा माथि गिद्धे दृष्टि लगाउने र यसको अवैध हिसाबले भोग चलन गर्ने परिपाटी नौलो होइन। यस अघि अतिक्रमण गरेर कमाउ धन्धा बनाइएका सरकारी जग्गा फिर्ता लिनुको सट्टा सरकार उल्टै त्यस्ता गतिविधिलाई वैधानिकता दिने तर्फ लागि रहेको छ। यसले गलत काम गर्नेलाई प्रशय मिल्छ। यसप्रति सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। सभामुख महोदय, तत्कालीन पोखरा उपत्यका नगर विकास समितिका नाममा रहेका थुप्रै जग्गाहरु राजनीति र पहुँचका आधारमा अतिक्रमण गरेर व्यवसाय सञ्चालन गरिरहेका समाचारहरु आई रहेका छन् तर सरकार यसतर्फ गम्भीर बनेर आफ्नो स्वामित्वको जग्गा फिर्ता लिने त परकै कुरा सामान्य सोधपुछ गर्ने काम समेत भएन। यो दुखको कुरा हो। जनप्रतिनिधि आउनु अघि यसरी मनपरी हडपिएका जग्गा कमसेकम जनप्रतिनिधि निर्वाचित भएर आएपछि त राज्यको स्वामित्वमा फिर्ता ल्याउनु पर्छ। यो कामका लागि सरकारलाई के कुराले रोक्यो? यसको स्पष्ट जवाफ चाहन्छु। पोखरामा रहेका सार्वजनिक जग्गाहरु अहिले के कस्तो हालतमा छन्? कति जग्गा जमित व्यक्ति वा संघ संगठनले हडपेर भोग चलन गरिरहेका छन्? कतिले भाडामा लगाएका छन्? यसलाई फिर्ता ल्याउन कस्ता प्रयास भई रहेका छन्। यसको तथ्य जानकारी यो सम्मानित सभाबाट माग गर्दछु र माननीय सभामुख मार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। सभामुख महोदय, यसै प्रसंगमा म अर्को एउटा विषय जोडन चाहन्छु। केही दिन अघि विभिन्न संचार माध्यममा एउटा समाचार आयो। फेवातालमा रहेको ताल बराही मन्दिरको  गुठी जग्गा निजी कम्पनीलाई भाडामा लगाउन सूचना प्रकाशन गरिएको छ। संविधा गुठिको करिब पच्चपन्न

रोपनी जग्गा निजी कम्पनीलाई उन्चालिस वर्षका लागि भाडामा दिने तयारी प्रति मेरो र मेरो पार्टीको गम्भिर आपत्ति छ। स्थानीय सरकार स्थानीय वासिन्दा मन्दिर व्यवस्थापन समितिसँग र सरोकारवालाहरुसँग सल्लाहै नगरी गुठी संस्थानले आफूखुसी यति लामो समयका लागि भाडामा दिन लागेपछि यसमा कमिशनको गन्ध देखिन्छ र यो कुनै पनि पक्षको हितमा रहेको छैन। केही गुठी संस्थानका व्यक्तिहरु बाहेक। यसलाई पनि तुरन्त रोक्न र मानवसेवामा यो जग्गा प्रयोगमा ल्याउन यही सम्मानित सभा मार्फत म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण थापा । समय ५ मिनेट ।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, म गण्डकी प्रदेश सरकारलाई विशेष किसिमले ध्यान आकर्षण गर्न चाहन्छु। २०७५ को जुन बजेट हो, त्यस्को कार्यान्वयनको पाटो असाध्यै चुनौतिपूर्ण रहयो। जसले गर्दाखेरि गण्डकी प्रदेशका जनताहरु पूर्ण रुपमा लाभान्वित हुन सक्ने स्थिति सिर्जना भएन र त्यसमा पनि अझ केही कार्यान्वयनका पाटाहरु ती झन धेरै डरलाग्दा किसिमका पनि स्थिति देखापरे। बाटो निर्माण गरिन्छ। कालो पत्रे गरिन्छ तर एक महिना पछि फेरि त्यो उक्लिने गरेको पनि उदहारणहरु हामीले गण्डकी प्रदेशका धेरै ठाउँहरुमा हामीले देखेका छौं। त्यस्तो उदहारण एउटा जैमुनि नगरपालिका पनि रहेको छ। त्यसैले गर्दाखेरि म बजेट कार्यान्वयनको पाटो गम्भिरताका साथ कार्यान्वयन हुन नसक्नुलाई म प्रश्न गर्न चाहन्छु र विशेष गरेर प्रदेश सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु र अर्को तिर बजेट कार्यान्वयनको पाटोमा सडक, सिंचाई, खानेपानी र यी ज्ञानकेन्द्रहरु वास्तवमा कुन प्रकारले सञ्चालित छन् त? मैले देख्छु उनीहरु अप्रत्यक्ष रुपमा अघोषित रुपमा लेनदेनका कार्यक्रमहरु अगाडि सञ्चालन गरी रहेका छन्। त्यस कारण यी केन्द्रहरुलाई नियन्त्रण गर्नका लागि विशेष गण्डकी प्रदेश सभामा प्रदेशसँग अनुरोध गर्न चाहन्छु र आगामी २०७६ को बजेट अब हामीले तीन महिनामा शुरु हुँदैछौं र यो कार्यान्वयनको पाटो कहिले हुन्छ? कसरी हुन्छ? यो कुराहरुमा पनि सजग रहन पनि मैले विशेष अनुरोध गर्न चाहन्छु र अर्कोतिर मैले विशेष गरेर शान्ति सुरक्षाको प्रश्नमा पनि केही कुराहरु गर्न चाहन्छु। अहिले गण्डकी प्रदेशको राजधानीमा मान्छेहरु नाङ्गे हिडिरहेको सूचना हामीले पाईरहेका छौं। रातभर मदिरा सेवा गरेर मान्छेहरु हल्ला गरेर छिमेकीहरुमा बसेका मान्छेहरु सुत्न नसकेको सुनिरहेका छौं। लागु पदार्थ त धेरै डरलाग्दो रहेछ यो गण्डकी प्रदेशको राजधानीमा। एउटा खाली ठाउँमा मान्छेहरु बसेर लागु पदार्थ सेवन गरिरहेको अवस्था छ र त्यति मात्रै होइन, गण्डकी प्रदेशका जनप्रतिनिधिहरुलाई आफ्नो कार्यकक्षमा बसिरहेको समयमा अज्ञात व्यक्तिहरु आएर कालोमोसो लगाउने, जुत्ताको माला लगाउने सम्म पनि हामीले गण्डकी प्रदेशमा देखेका छौं। त्यसले गर्दा मलाई लाग्छ शान्ति सुरक्षाको प्रश्न अत्यन्तै चोटिलो रहेछ। चोटिलो छ भन्ने आज व्याभिचार, दुर्व्यसनी र असुरक्षित अवस्थाहरु पनि नराम्रो किसिमले फैली रहेको छ। जसले गर्दाखेरि यसलाई निराकारण गर्नका लागि गण्डकी प्रदेश सरकार विशेष ध्यान दिने छ भन्ने आग्रह गर्दै आफ्नो भनाई यही टुङ्गयाउँछु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री हरिशरण आचार्य । समय ५ मिनेट ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, मुग्लिङ्ग-पोखरा सडक खण्ड संघीय सरकारले चार लेनको बनाउने निर्णय गरेकै छ। उक्त चार लेनको सडक थप्नका लागि अरु दुई-चार वर्ष लाग्न सक्छ तर यसै सडकको दुलेगौडादेखि लामेआहालसम्मको सडकमा सायद प्रदेश सरकारका मन्त्री, सांसद अन्य जनप्रतिनिधिहरुको दैनिक ओहोर दोहोर चली रहेको हुन्छ। म पनि हप्तामा दुई-चार पटक ओहोर दोहोर गरी रहेको हुन्छु। दैनिक जसो यस सडकखण्डमा धुलो, धुँवा र सवारी चाप बढि देखिन्छ कारण यो बिचको सडक लगभग सबै भत्किएको छ। यो भत्किएको सडक आज बन्ला, भोलि बन्ला, कहिले बन्ने छाँटगाँठ देखिएन त्यसैले म यो बोल्न बाध्य भएको छु। दिनहुँ ओहोर दोहोर गर्ने मन्त्री र सांसदहरुको आँखामा सत्ताको कालो चश्मा लगाएकै छ। सायद त्यही कालो चश्माले त्यो भत्किएको सडक नदेखेर होला। देखेर पनि नदेखे झैं गरिएको हो या बुझ्न कठिन भएको हो। सरकार, संघ सरकारको मातहतमा भएको यो सडक कपडा सिलाएर लाउन नसकेपनि च्यातिएको कपडा रफु गरेर लाज ढाक्न त प्रदेश सरकारले पनि सक्थ्यो होला। आम सरोकारको यो विषय छिटो रिजल्ट पाउँ सरकार। तनहुँ

जिल्लाको व्यास नगरपालिका र बन्दिपुर गाउँपालिका जोडने छाब्दि मार्ग प्रादेशिक सडक "ख" वर्गमा देखिन्छ। २०७६ साल वैशाख ११ गते निर्माण कम्पनी डाइमण्ड कन्सट्रक्शनले पक्की नाला हिमपाइप र सडक कालोपत्रे गर्ने गरी ठेक्का सम्झौता गर्छ। २०७६ साल असार २० गते काम सम्पन्न गर्ने सम्झौता उल्लेख गरिएको छ। उक्त सडक अहिलेसम्म कार्य सम्पन्न गरिएको छैन। करिब सात सय मिटर जतिको कालो पत्रे गरिएको छ। गरिएको कालो पत्रेमा एस्टिमेट अनुसार काम गरिएको छैन। सडकको दुबै साइडमा एजिङ्ग राखेर त्यसको सपोर्ट सहित सब-बेस, बेस त्यो भन्दा माथि गिट्टी अनि अलकत्रा बल्ल चिप्स राख्ने हुन्छ तर बेस बेसमा पनि अलकत्रा नराखि एजिङ्ग नगरी सडक कालोपत्रे गर्दा चार दिन नबिती ट्याक्टर दौडिंदाखेरि भत्किन्छ। म आफैं स्थलगत अध्ययनमा जाँदा हातले कोट्याएर हेरें करिब दुई स्वायर फिट भत्काएं। यसको क्वालिटी कस्तो रहेछ थाहा पाएं, मैले ठाउँ ठाउँमा कोट्याएर हेरें तर सबै ठाउँ त्यस्तै रहेछ यस्तो कामले हामी मुलुकलाई दिगो विकासमा लिएर जान सक्छौं। मैले सुनेको छु यसलाई सम्बन्धित कार्यालयको इन्जिनियरले पनि पास गरेर पेमेन्ट दिई सक्यो भन्ने सुनेको छु। यदि यस्तो हो भने मसँग त्यस्तो भिजुअल सहित छ यो हेरेर चित्त बुझाउने या सम्बन्धित निर्माण कम्पनी र प्राविधिकलाई कारवाही गर्ने त्यहाँ प्रदेश र संघका सांसदहरु पनि गएर यो काम उच्च स्तरको छ भनेर धन्यवाद दिएर आउनु भएको छ। वाह-वाह माननीयज्यू तपाईंहरुले भनेको उच्च स्तरको गुणस्तरीय छ? वा अथवा के छ भनेर तपाईंले धन्यवाद दिनु भएको हो। एउटै मात्र भिजुअलले त्यो सबै चिजको पर्दाफास गर्छ माननीयज्यूहरु। हामी राष्ट्र र जनताप्रति इमानदार बनौं। दिगो विकास सँगै संमृद्ध नेपाल निर्माण गर्ने एउटा अभियानमा अघि बढौं। यदि यो स्वच्छ कामनासाथ अगाडि बढे साँच्चै हाम्रो लक्ष्य पूरा हुनेछ। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रभा कोइराला । समय १५ मिनेट ।

## माननीय प्रभा कोइराला

सभामुख महोदय, स्थानीय तहमा जनप्रतिनिधिहरु आएपछि प्रत्यक्ष सरोकारका निकायमा झन बढि भ्रष्टाचार हुँदै गरेको निरन्तरताको समाचारले मेरो ध्यानाकर्षण गरेको छ। मन्त्रालयहरुमा हुने गरेको भ्रष्टाचार सम्बन्धी विभिन्न समाचारहरु आई रहँदा हाम्रो मौनताले राम्रो संकेत दिंदैन भन्ने मेरो ठम्याई रहेको छ। सभामुख महोदय, अख्तियार अनुसन्धान आयोग पोखराको तत्कालीन तथ्याङ्क अनुसार आठ सय बत्तिस उजुरी मध्ये कास्की जिल्लामा मात्रै चार सय उन्तिस उजुरी परी रहँदा नागरिकको प्रत्यक्ष सरोकारका निकायहरुमा यसरी भ्रष्टाचार हुँदा सेवाग्राही मर्कामा पर्नुका साथै अतिरिक्त लाभ दिन, सेवा दिन आनाकानी गर्ने राजश्व चुहावट गर्ने कागजात छेडकानी गर्ने अवैधानिक व्यापार व्यवसायमा सहभागी हुने हुनुले नागरिक सुरक्षा विकास र सुशासनमा समेत नकारात्मक प्रभाव परिरहेको छ। सभामुख महोदय, बढदो सूचना प्रविधिको विकासले भ्रष्टाचारका स्वरुप र शैली पनि परिवर्तन हुँदै गरेका कारण भ्रष्टाचार न्यूनीकरणका लागि सोही अनुरुप प्रकृया र पद्धतिमा सुधार गर्न जरुरी देखि रहेको छु। समाजमा व्यवहारगत परिवर्तन र सकारात्मक सोंच निर्माण नभएसम्म भ्रष्टाचार न्यूनीकरण नसक्ने हुँदा, भ्रष्टाचार विरुद्ध सहनशीलताको सँस्कृतिको निर्माणका लागि सार्वजनिक पद धारण गरेका व्यक्तित्वहरुले सदाचार प्रणाली अवलम्बन गरेर राष्ट्रहितमा जवाफदेही र जिम्मेवारी बन्नु पर्ने कुरा तर्फ ध्यानाकर्षण गराउँदै जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहमा झनै भ्रष्टाचार झाँगिदै गएको र जनप्रतिनिधि दिन प्रतिदिन अलोकप्रिय बन्दै गएको समाचार दिनानुदिन आई रहेको अवस्था अवगत गराउन चाहन्छु। सभामुख महोदय, सभामुख मार्फत समयमै यथोचित उपाय अवलम्बन गर्न गराउन विशेष ध्यान, पहलका लागि ध्यानाकर्षण समेत गराउन चाहन्छु। सभामुख महोदय, तीन तहका सरकारहरु स्थापना भई रहँदाखेरि भ्रष्टाचार यति बेला मात्रै मौलाएको यो दृश्य नभईकन भ्रष्टाचार बेलैदेखिबाट पहिलादेखिबाट नै झाँगिदै गएको यो अवस्था हामीले देखि रहेका छौं। यी भ्रष्टाचार गरिरहने व्यक्तिहरुलाई एक एक गरेर यो तीन तहको सरकारमा रहने यो सरकारले पहल गरेर भ्रष्टाचारीहरुलाई कारवाहीका लागि अगाडि ल्याएको देख्दापनि म आफूलाई अब यो सरकारले केही गर्छ कि भन्ने आशा लागेको छ। यो मेरो यो आशालाई निराशामा पक्कै पनि परिणत हुँदैन भन्ने विश्वासका साथ सभामुख महोदय मार्फत सरकारमा यो मेरो आफ्नो निवेदन राख्न चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री विष्णुप्रसाद लामिछाने । समय ५ मिनेट ।

## माननीय विष्णुप्रसाद लामिछाने

सभामुख महोदय, सुगम जिल्ला नवलपरासी साविक र हाल नवलपुरको अत्यन्त दुर्गम स्थानमा रहेको साविकका बाह्र वटा गाविस हाल दुई वटा गाउँपालिका बौंदीकाली गाउँपालिका र बुलिङ्गटार गाउँपालिका मुलुकमा संघीयता आई सक्दा पनि त्यहाँका जनताले त्यो संघीयताको महसुस गर्न नसकेको अवस्था छ। मैले एउटा स्मरण गराउन चाहन्छु, २०४७ साल कार्तिकमा पहाडको जनतालाई दुख भएकै कारणले एउटा इलाका प्रशासन कार्यालय पहाडको लागि भनेर तोकियो र तत्कालीन कार्यालय प्रमुखको रुपमा खगेन्द्र बस्यालज्यू आउनु भयो र मिठुक्रम साविक मिठुक्रम गाविस हाल बौधिकालि -१ को शिवप्रसाद कंडेलजीको घर त्यो इलाका प्रशासन कार्यालयको लागि भाडा समेत उहाँले तय गरेर कार्यालय स्थापना गर्ने भनेर बोर्ड झुण्डाएर जानु भयो। लेटर प्याड पनि इलाका प्रशासन कार्यालय, मिठुक्रम भनेर नै भयो तर दुर्भाग्य उहाँ नवलपुर पुगेपछि फेरि फर्केर आउने अवस्था सिर्जना भएन त्यो इलाका प्रशासन कार्यालय कावासोतीमा रहयो अर्थात् त्यो पहाडको जनतालाई सुविधा दिने भनेर ल्याइएको इलाका प्रशासन कार्यालय मलाई लाग्छ त्यति बेला त्यो पहाडवासीहरुको पहुँच हुन सकेन त्यसैले त्यहाँ रहन सकेन र कावासोतीको अहिले पनि त्यहाँका जनतालाई त्यही किसिमका समस्या छ। झण्डै, त्यहाँबाट कावासोती जान ५४-५५ किलोमिटर पार गरेर जान पर्छ र पहाडी भू-भाग भएको हुँदा अत्यन्तै समस्या छ। त्यसैले त्यो पहाडको विकास गर्नको लागि संघीयता आएको छ। त्यहाँका जनताहरु त्यो संघीयतालाई स्वागत गरिएका थिए। अब केही हुन्छ यो पहाडमा हिजो हामी ठगियौं। हामीले पाएको इलाका प्रशासन कार्यालय समेत नवलपुरमा भयो भन्ने अब संघीयता भए पछि केही होला भनेर आशामा बसेका पहाडका जनताहरु अहिले पनि निराशामा पुगेका छन्। त्यसैले त्यो पहाडको समग्र विकास गर्नको लागि पहिलो कुरो त हिजो त्यहाँको लागि तोकिएको इलाका प्रशासन कार्यालय सहित त्यो साविक पहाडका बाह्र गाविसको सेवा पुग्ने गरी एकीकृत सेवाकेन्द्रहरु राख्न म माननीय सभामुखज्यू मार्फत प्रदेश सरकारलाई म हार्दिक पहलको लागि हार्दिक अनुरोध गर्दछु र विकास निर्माणको हिसाबले पनि ठगिएको ठाउँ त्यो। मैले यस भन्दा अगाडि पनि कुरो उठाएको थिएं पहिला पाल्पा जिल्ला हुँदा पनि सदरमुकाम तानसेन, त्यसैले सदरमुकामबाट धेरै टाढा हुँदा ठगिएको अवस्था र बत्तिस सालमा नवलपुरमा गाभि सकेपनि सदरमुकाम परासी भएको कारणले त्यो सदरमुकामबाट धेरै टाढा भएको हुँदा त्यसबाट पनि ठगिएको अवस्था र हाल पनि मुलुक संघीयतामा जाँदा पनि त्यहाँको समग्र विकास निर्माणबाट पछाडी परेको हुँदा हालको नवलपुर जिल्लाको साविक बाह्र वटा गाविस हाल दुई वटा गाउँपालिका छन् त्यहाँका जनताको लागि सेवासुविधाको लागि एउटा छुट्टै विकास प्राधिकरण गठन गर्ने र इलाका प्रशासन कार्यालय सहित एकीकृत सेवा केन्द्र संचालनको लागि म हार्दिक अनुरोध गर्दछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठ । समय ४ मिनेट ।

## माननीय मेखलाल श्रेष्ठ

सभामुख महोदय, आज हामी संघीयतामा आएको झण्डै झण्डै डेढ वर्ष क्रस गरिसकेका थियौं। शुरुशुरुमा हामीले भन्यौं संघ सरकारले कर्मचारीहरु पदस्थापन गर्दाखेरि हामीलाई अप्ठेरो पाऱ्यो, समयमा दिएन, कर्मचारीहरु आएन त्यसकारणले प्रदेशको विकास हुन सकेन भनेर प्रदेशमा हामीले प्रदेशका जनताहरुलाई बुझाउने कोशिश गऱ्यौं। सभामुख महोदय, आज कर्मचारीहरु पदस्थापन प्रदेशले गर्न थालिसकेको छ। प्रदेशको विकास गर्नको लागि प्रदेशलाई समुन्नत बनाउनको लागि सबै कर्मचारीहरुको भूमिका बराबर हुन्छ। यसमा दक्षता, सिनियरिटी को कारणले कुनै कर्मचारीलाई अवहेलना गर्न थालियो त्यो कर्मचारीको मनोबललाई गिराउन थालियो भने प्रदेशको विकासमा त्यसले असर पुऱ्याउँछ भनेर हामीले बारम्बार यहि ठाउँबाट सभामुख महोदय मार्फत मन्त्रीज्यूहरुलाई भनियो यसै सिलसिलामा मैले पनि धेरै पटक मुख्यमन्त्रीज्यूलाई पनि सम्बन्धित मन्त्रीज्यूहरुलाई भन्दै गर्दा आज धेरै ठाउँमा त्यो चाहे राजनीतिक आस्थाको कारणले होस् या उसको पहुँचको आधारमा होस्। कर्मचारीहरुलाई उसले चाहेको उसको योग्यता उसको क्षमता भन्दा अन्तै पठाउने कर्मचारीहरुको मनोबललाई अत्यन्त गिरने गरी, उसको कामै नथाल्ने स्थितिमा पुऱ्याउने काम प्रदेश सरकारबाट हुन थालेको कुरा सभामुख महोदय मार्फत म गण्डकी प्रदेशका सरकार प्रमुखदेखि मन्त्रीज्यूलाई अवगत गराउन चाहन्छु। हामीले यो प्रदेशलाई समुन्नत बनाउनको लागि यो प्रदेशलाई विकासको एउटा अरु प्रदेश भन्दा छुट्टै ठाउँमा पुऱ्याउँछु भनेर भन्ने कुरा चाहे त्यो हामी माननीय होस् चाहे त्यो मुख्यमन्त्रीदेखि मन्त्रीसम्मले भन्न छोडनु भएको छैन तर कर्मचारी खटन पटन गर्दा अथवा विकास निर्माणको कामहरुलाई विनियोजन गर्दा पक्षपात हुँदै गरेका कुराहरु थिंदैथिए हुँदा हुँदा आज यहाँसम्म हामीले देख्न पाइयो

स्याङ्गजामा मैले मेरो जिल्ला भएको हुनाले सभामुख महोदय भन्दैछु। स्याङ्गजामा मैले कृषि मन्त्रीज्यूलाई पनि भनेको थिएं मुख्यमन्त्रीज्यूलाई पनि भनेको थिएं। हाम्रो स्याङ्गजाको भेटिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमा कार्यालय प्रमुख खाली छ। त्यहाँ कार्यालय प्रमुख चाहिने, क्वालिटीको, उहाँको योग्यताको, क्षमताले भ्याउने कार्यालय प्रमुखलाई पठाई दिने भनी मैले आग्रह गरें। त्यहाँ कुनै पनि योग्यता क्षमताको जुन दरबन्दीले मागेको छ त्यही अनुसारको कर्मचारी गएन नकि कुनै राजनैतिक आस्था हो या कुनै अरु प्रलोभनमा फँसेर हो त्यहाँ रहेको सिनियिरिटी, धेरै सिनियर व्यक्तिलाई कार्यालय प्रमुख नदिएर त्यहाँ सिनियर भन्दा धेरै जुनियरलाई कार्यालय प्रमुख दिएको छ र त्यो कार्यालय प्रमुखले त्यो सिनियर कर्मचारीलाई अन्तै पठाइएको छ। के त्यसले यो प्रदेशमा सबैलाई सुसूचित हुने आफ्नो अधिकार सुनिश्चित हुने, आफ्नो क्षमतालाई प्रदर्शन गर्न सक्षम बनाउनको लागि यसले भूमिका निर्वाह गर्छ कि गर्दैन, सभामुख महोदय मार्फत स्याङ्गजाको त्यो विषयमा प्रदेश सरकारको ध्यान जाओस् र कसैलाई पनि काखा पाखा नगरिकन कर्मचारी भनेको स्थायी सरकार हो यसले गर्ने काम एउटा नीति निर्माण अनुसार नीति अनुसार त्यसको सरुवा होस् र त्यसको पदस्थापन होस् भन्ने कुरा सभामुख महोदय मार्फत माग गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ।

अब म, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई सभामा सुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न अनुमति दिन्छु।

## माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमान

सभामुख महोदय, प्रदेश सभा बैठकमा विभिन्न समयमा उठेका त्यस भन्दा पनि प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले हाल भए गरेका मुख्यत: विपद्सँग सम्बन्धित निर्णय गतिविधिहरुको बारेमा यस सम्मानित सदन समक्ष जानकारी गराउन म यहाँ उभिएको छु। यस सन्दर्भमा २०७६ साल साउन २० गते राती परेको अविरल बर्षाका कारण बाग्लुङ्ग जिल्ला, तमानखोला गाउँपालिका वडा नं. ४ मा अन्दाजी १५० मिटर माथिबाट खसेको पहिरोमा परि पञ्चकुमारी श्रीपाली, असरी श्रीपाली, प्रवीण श्रीपाली समेत तीन जनाको मृत्यु भएको, पाँच जना घाइते भएका र पाँच घर पुरिएको। यस सन्दर्भमा जिल्ला प्रशासन बाग्लुङ्गबाट प्रति मृतक एक लाखका दरले तीन लाख र प्रति घर दस हजारका दरले पचास हजार गरी तीन लाख पचास हजार वितरण गरेको। त्यसरी नै प्रदेश सरकारको तर्फबाट घाइते तीन जनालाई गण्डकी अस्पतालमै पुगि प्रति घाइते पच्चिस हजारका दरले उपलब्ध गराई सकिएको र त्यसरी नै मृतकहरुका निम्ति हाम्रो कार्यविधिले पचास हजार भन्दा बढि दिने कुरो गरेको छैन र यो विशेष अवस्था भएकोले यस सम्बन्धित निर्णय क्याबिनेटमा लगेर प्रति मृतक परिवार एक लाखका दरले दिने निर्णय गरिएको र त्यो प्रक्रिया अगाडि बढि राखेको छ। त्यसै गरी उक्त घटनामा घाइतेहरुलाई यहाँ पोखरा ल्याउनु पर्‍यो त्यसको निम्ति गृह मन्त्रालय तथा हाम्रो आन्तरिक मामिला तथा कानून मन्त्रालयको समन्वयमा वहाँहरुलाई हेलिकप्टरबाट उद्धार गरिएको पनि सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु। त्यसरी नै लमजुङ्गको दोर्दी खोलामा २०७६ साल साउन ८ गते परेको अविरल वर्षा पछि दोर्दी गाउँपालिका वडा नं.६, दोर्दी खोलामा निर्माणाधीन लिबर्टि हाइड्रोपावर ड्याम क्षेत्रमा अचानक आएको बाढिले बगाएका दस जना मध्ये छ जनाको शव फेला परेको चार जना अझै बेपत्ता रहेको । मृतक र बेपत्ता भएका परिवारलाई राहत स्वरुप रु.पचास हजारका दरले दिनका निम्ति प्रकृया अगाडि बढि सकेको र त्यस सम्बन्धी हामीले जिल्लाबाट पहिला हामी जिल्लामै सिधै रकम पठाई दिन्थ्यौं तर यो आर्थिक वर्षदेखि अब जिल्ला विपद् व्यवस्थापन समितिमा सिधै रकम नपठाएर सिधै आन्तरिक मामिला तथा कानून मन्त्रालयबाटै अब रकम वितरण गर्ने त्यो प्रकृया अगाडि बढेको हुनाले आवश्यक कागजात हामी झिकाई राख्या छौं र छिट्टै यो रकम उहाँहरुलाई उपलब्ध गराईनेछ। त्यसै गरी २०७५ साल भदौ २३ गते यो अलि धेरै पुरानो छ र संघ सरकारबाट एक लाखका दरले मुख्य कुरो बेगनासको डुङ्गा दुर्घटनाको कुरा गर्न लागेको हुँ। यो पच्चहत्तर साल भदौ २३ गतेको घटना हो बेगनास तालमा भएको डुङ्गा दुर्घटना। त्यहाँ आठ जनाको मृत्यु भएको थियो र संघ सरकारबाट एक लाखको दरले उहाँहरुलाई रकम उपलब्ध गराईएको थियो अब दोहोरो दिन नमिल्ने भन्ने कुराले हामीले त्यति बेला यस सम्बन्धी कुनै निर्णय गरेनौं तर पछि मागै आयो अहिले मन्त्रालयमा त्यस सम्बन्धी माग केही व्यक्तिबाट, पिडित व्यक्तिबाट माग आएकोले अब हामीले जो माग्न आयो त्यसलाई दिने कुरा भएन त्यसकारण ती आठै जना

मृतकहरुलाई रु.पचास हजारका दरले राहत उपलब्ध गराउनको निम्ति आवश्यक प्रकृया अगाडि बढाएको कुरा यस सम्मानित सदन समक्ष जानकारी गराएर विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुख

अब म, माननीय भौतिक पूर्बाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई सभामा सुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

## माननीय भौतिक पूर्बाधार विकास मन्त्री श्री रामशरण बस्नेत

श्रावण १९ र २० गते सम्मानित सदनको शून्य र विशेष समयमा भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित विषयमा माननीयज्यूहरुले उठाउनु भएका जिज्ञासाका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ र केही आफ्ना भनाईहरु माननीय सभामुख मार्फत सम्मानित सभामा राख्न चाहन्छु।

१. काली गण्डकी सकुवा रानीगाड सडक खण्ड अन्तर्गत भञ्याङ्गदेखि सटुकासम्म विभिन्न ठाउँमा पहिरो गई बाटो अवरुद्ध भएको र सटुकाखण्ड काली गण्डकी नदीमा निर्माण भएको पक्की पुलले एक्प्रेस सडक खण्ड सो सडक भाँसिएको देखिन्छ र उक्त सडकको अलाइनमेण्ट चेन्ज गर्नुपर्ने देखिएको छ। साथै भञ्जाङ्गदेखि सटुकासम्मका पहिराहरु सम्बन्धित ठेकेदारलाई नै सफा गर्न मौखिक रुपमा जानकारी गराएको म जानकारी गराउन चाहन्छु।

२. मिर्मिबिर्घा सडक खण्डको पहिरो सफा गरी हाल बाटो सुचारु अवस्थामा रहेको छ भनी बिर्घाचण्डी भञ्याङ्ग तर्फको सडक प्रदेश सरकारबाट सञ्चालित आयोजना नभएको जानकारी गराउन चाहन्छु।

३. मध्य पहाडी लोकमार्ग दुई सय मिटर बग्दा पश्चिम बाग्लुङ्ग नाकाबन्दीमा परेको छ भन्ने सन्दर्भमा यो संघीय सरकार मातहतको सडक भएकोले त्यसलाई मध्य पहाडी लोकमार्ग आयोजनाका कार्यालयले हेर्छ र हामीले आवश्यक सहजीकरण गरेको जानकारी म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु।

४. गोरखा लुईटेल भञ्याङ्ग भच्चेक सडक संघीय सरकारको राष्ट्रिय पुन: निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ गोरखा अन्तर्गतको आयोजना हो। त्यस कारण यस सडकको काम प्रदेश सरकारको अन्तर्गत रहेको छैन।

५. लिगलिगकोट ऐतिहासिक गोरखा दरबारको पुनर्निमाणका छानबीन गर्नु पऱ्यो भन्ने सवालमा यो संघीय सरकारबाट ठेक्का पट्टा भएको योजना हो र यस यसको छानबीन गर्ने अधिकार प्रदेश सरकारलाई नभएको जानकारी गराउन चाहन्छु।

६. बाह्र किलो लाप्राकको सडक छानबीन गर्नु पऱ्यो भन्ने सन्दर्भमा सडक यो सडक संघीय सरकारको अन्तर्गतको एघार किलो छेपेटार भालुस्वाङ्गरा बारपाक सडक आयोजना कार्यालयको चाँहि योजना हो।

७. सिरानचोकको थारखोलाको झोलुङ्गे पुल भाँचिएको भन्ने सन्दर्भमा यो योजना सिरानचोकको वडा नं.२ र ३ जोडने खारखोलामा रहेको उक्त योजना २०५२ सालमा यानसिएफ भन्ने विदेशी संस्थाको सहयोगमा बनेको बिचमा स्थानीय जनताहरुले केही मर्मत गरेका र २०७६ साल श्रावण २० र २१ गते खारखोलामा आएको बाढिले क्षति पुऱ्याएको पुल भाँचिएको र आवत जावतमा समस्या परेको छ र उक्त पुललाई मर्मत संभार गरेर काम चलाउन नसकिने अवस्था भएकोले प्रदेश सरकारले त्यस ठाउँमा नयाँ झोलुङ्गे पुलका लागि आवश्यक प्रकृया अगाडि बढाएको म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु।

८. पृथ्वी राजमार्ग-मुग्लिङ्ग-कोत्रे सडक खण्डको सन्दर्भमा यो सडक संघीय सरकार अन्तर्गतको भएकोले प्रदेश सरकारले प्रदेश सरकारको यस सडक अधिकारक्षेत्र भित्र नभएको कुरो भनें म यहाँहरुबिच राख्न चाहन्छु।

९. विनयत्रिवेणी बजारदेखि पालिका सदरमुकामसम्म आउने छोंटो सडक बनाउनु पऱ्यो भन्ने सन्दर्भमा हामीले यस विषयमा गम्भिरतापूर्वक प्रदेश सरकारले यो विषयलाई लिएको छ र त्यहाँ छोंटो बाटो बनाउन बिचमा बफर जोन भएका कारण केही कानूनी र प्राविधिक समस्या आएकोले ढिला हुन गएको हो। यस सन्दर्भमा आवश्यक प्रकृया अगाडि बढाइएको जानकारी गराउन चाहन्छु।

१०. फेवाताल संरक्षण सन्दर्भमा यस माथिको जलाधार संरक्षण गर्नु पर्ने सडक गर्नुपर्नेमा सडक निर्माण भई रहेको छ भन्ने सन्दर्भमा जलाधार क्षेत्र संरक्षण गर्नुपर्ने कुरालाई मनन् गरी प्रदेश सरकारबाट सञ्चालन भएका सडक आयोजनाहरुको निर्माण कार्य गर्दा अधिकांश स्थानहरुमा पक्कि संरचनाहरु निर्माण गर्ने। लागत इस्टिमेट तयार गर्न लगाइएको र साथै जलाधार क्षेत्रको संरक्षणका लागि बायोइन्जिनियरिङ्ग प्रविधि समेत अपनाई निर्माण गर्ने गराउने गरिएको म जानकारी गराउन चाहन्छु।

११. सडक बनाउने, बनाउँदा खानेपानी, विद्युत, टेलिफोन बनाउने बिच समन्वय नभएको भन्ने सन्दर्भमा प्रदेश सरकारबाट कार्यान्वयन हुने योजनाहरु समन्वयमा नै संचालन भएका र आगामी योजनाहरु पनि समन्वयमा नै संचालन गरिने कुरा म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु। ट्याक्सीमा वैज्ञानिक भाडा समायोजन गर्नुपर्ने भन्ने सन्दर्भमा भाडा समायोजनका सन्दर्भमा हामीले सरोकारवालाहरुसँग पटक पटक बैठक बसेका छौं र छलफल गरेका छौं र यसलाई कसरी यो वैज्ञानिक भाडा समायोजन गर्न सकिन्छ भन्ने पहल प्रयत्न प्रदेश सरकारले गरिरहेको म जानकारी गराउन चाहन्छु। पालुङ्गटारबाट दोर्जी दोर्दी हाइड्रो पावरको हाइटेन्शन लै जाने विषयमा पटक पटक माननीयज्यूहरुले सदनमा कुरा उठाउनु भएको छ र यस सन्दर्भमा यो काम संघीय, संघीय सरकार अन्तर्गत भएको जानकारी गराउन म चाहन्छु र त्यसैगरी चौध कच्चि सडकमा पहिरो नियन्त्रण कहिलेसम्म हुने भन्ने सन्दर्भमा हाम्रो भूगोल नै बाढि पहिरोको उच्च जोखिममा रहेको देश रहेको भनेर चिनिएको देश भएकोले यसलाई नियन्त्रण गर्न सडक निर्माण गर्दा कम्तिमा ५०% रकम सडकको संरचना निर्माणमा खर्च गर्नु पर्ने कार्यविधिले पनि आगामी दिनमा पहिरो नियन्त्रणलाई सघाउ पुऱ्याउने नै छ भन्ने, छ भन्ने, पुऱ्याउने नै छ र साथै पहिरो नियन्त्रणका लागि प्रदेश सरकारबाट बजेट समेत विनियोजन गरिएको म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। अन्त्यमा, माननीयज्यूहरुले उठाउनु भएका केही सडकहरु प्रशारण लाइन तथा पुनर्निमाणका कार्य संघीय सरकार मातहतका योजना हुन तसर्थ आफूले उठाउनु भएका जिज्ञासा प्रदेश सरकारबाट कार्यान्वयन हुने कार्यक्रम हुन कि होइनन् ? हुन कि होइनन् ? त्यसमा पनि ख्याल गरिदिनु हुन अनुरोध गर्दछु। साथै, जनताहरुलाई सहज रुपमा आवत जावतमा सहयोग पुऱ्याउने प्रदेश सरकार मातहतका सडक, पुल, पुलेसाहरुमा वर्षासँगै पुलका क्षतिका सन्दर्भमा माननीयज्यूहरुले गराउनु भएको जानकारीबाट हामी आभारी छौं। त्यस जानकारी मार्फत हामी मातहतका डिभिजनहरु मार्फत त्यसमा तदारुकताका साथ कार्य गर्न निर्देशन समेत दिइ वर्तमान समयमा अधिकांश प्रदेश अन्तर्गतका सडकहरु संचालनमा आई सकेका छन्। अहिले वार्षिक, अहिले वार्षिक विकास योजनाहरु कार्यान्वयनको चरणमा छन् भने यसै आर्थिक वर्षमा हामीले यो प्रदेशलाई उज्यालो प्रदेशको रुपमा रुपान्तरण गर्ने योजना बनाएका छौं। अहिलेसम्म पनि हाम्रो प्रदेश भित्र बसोबास गर्ने नागरिकले कुँवा, खोल्सा, खोला, नदिको पानी सिधै खाई रहेको अवस्थालाई ध्यानमा राखि यसै वर्ष त्यस्ता ठाउँको पहिचान गरी आधारभूत खानेपानी पुऱ्याउने प्रतिबद्धता प्रदेश सरकारले गरेको छ तसर्थ माननीयज्यूहरुको आवश्यक मार्गदर्शन, सहयोग र सहकार्यको अपेक्षा सहित आफ्ना भनाईहरु यही अन्त्य गर्छु। धन्यवाद।

## माननीय सभामुख

अब म, माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्सालल‌ाई सभामा शून्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

## माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साल

माननीय सभामुख महोदय, उद्योग पर्यटन वन वातावरण मन्त्रालयसँग सम्बन्धित रहेर प्रदेश सभाका माननीय सदस्यज्यूहरुले उठाउनु भएका विषयहरुको बारेमा प्रष्ट पार्न चाहन्छु। विशेष गरी फेवाताल संरक्षणका लागि सम्मानित सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयनका सम्बन्धमा धेरै कुराहरु उठेका छन् । फेवातालको संरक्षणका लागि सम्मानित सर्वोच्च अदालतले तीनै तहका सरकारको जिम्मेवारी तोकेर फैसला गरे पश्चात् गण्डकी प्रदेश सरकारले सरकारको मन्त्रिपरिषद्ले २०७५/१०/०९ मा मेरै संयोजकत्वमा फैसला कार्यान्वयनका लागि एउटा उच्च स्तरीय समिति गठन गरेको थियो र उक्त समितिले अहिले नियमित काम गरी रहेको छ। त्यसका छ वटा बैठकहरु बसे र हामीले संघीय सरकारसँग विशेष गरी प्रधानमन्त्री कार्यालयमा समन्वय गरेर फैसला कार्यान्वयन इकाइ समितिसँग कुरा गरेर र भूमि सुधार तथा नापी विभागबाट

जनकराज जोशीको एउटा टिम अहिले आएर अध्ययन गरेर गएको छ यसले सिमाङ्कन त्यसले सिमाङ्कनको लागि हामीलाई यही श्रावणको पहिलो हप्तासम्म हामी काम प्रारम्भ गर्नेछौं भनेर गयौं तर पछि त्यो टोलीले फेरी हामीले रिपोर्ट सम्मानित प्रधानमन्त्री कार्यालयमै दिन्छौं। हामीले यसरी प्रदेश सरकारलाई त्यहाँ दिनु भन्दा त्यहाँ तपाईंहरु त्यो मार्फत गर्नुभन्दा फेरि हामीले प्रधानमन्त्री कार्यालयमा फेरि समन्वय गऱ्यौं त्यसपछि हिजो मात्र हाम्रो प्रधानमन्त्री कार्यालयका सह-सचिव पारस ढुंगानाको संयोजकत्वमा एउटा कमिटी आयो र उसले अहिलेसम्म भएका सबै कुराहरु हेरेर हामी एउटा संयुक्त बैठक बस्यौं र अब तुरन्तै यो सिमाङ्कनको काम प्रारम्भ गर्ने र यही बिचमा पनि हामीले मिडियाबाट सुनेका छौं सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वियन समयमा हुन सकेन भन्दा फेरि खगेन्द्र शर्माले केरे रिट गरेको कुरा मिडियामा आएको छ। त्यो आदेश भएको कुरा अहिले हामीलाई पनि त्यसको केही आएको छैन र हिजो सम्मानित केरे हाम्रो प्रधानमन्त्री कार्यालयका प्रतिनिधिले पनि अब आधिकारिक त्यसको केही आदेश हामीकहाँ आई सकेको छैन भन्नु भाछ तरपनि अब यो कामलाई तुरन्त अगाडि बढाउँदै छौं। यसमा समन्वय भईराछ तर छ महिना भित्र जुन हामीले प्रारम्भ गर्ने भएका थियौं अब नापी विभागको कारणले केही ढिला भएकोछ र अब हामीलाई अहिले विश्वास लागेको छ हिजो आएको प्रधानमन्त्री कार्यालयको टिमले अब हामी तुरन्तै प्रदेश सरकारबाट गर्ने कुरा र यस समितिले गर्ने कुरामा कुनै कमी कमजोरी छैन तपाईंहरुले गर्नु भारैछ। अब हामी तुरन्तै नापी विभागबाट टिम पठाउँछौं भनेर भन्नु भाछ। यो विषय हाम्रो सदनमा धेरै उठेको छ र यसलाई हामीले एकदमै आफ्नो समितिको तर्फबाट गर्ने कुरामा हामीले कुनै कमी कमजोरी गरेका छैनौं। काम अगाडि बढदैछ। नापी विभागले नै त्यसलाई सिमाङ्कन गरिदियो भने अरु धेरै कुरा काम गर्नलाई हामी सजिलो पनि हुनेछ। मैले यो सम्मानित सदनलाई यति नै जानकारी गराउन चाहन्छु र दोश्रो विषय छ हाम्रो पचभैय्या चिडियाखाना निर्माण सम्बन्धमा केही अहिले मिडियामा र संसदमा हाम्रो गरिमामय सभामा पनि धेरै कुराहरु उठेका छन्। प्रदेश सरकारले एउटा आफ्नो आफ्नै चिडियाखानाको आवश्यकता महसुस गरेर कास्की जिल्लाको यो पचभैय्यामा विगतदेखि नै चिडिया खाना निर्माणका लागि स्थानीय समुदायबाट केही प्रयासहरु भएका थिए। त्यही कामलाई हामीले यहाँ एउटा पर्यटकीय हिसाबले पनि चिडियाखानाको आवश्यकता छ भनेर केही पैसा पनि हामीले एक करोड पचास लाख रुपैयाँ गत वर्ष हामीले यो २०७५/०७६ को बजेटमा विनियोजन गरेका थियौं। त्यो पैसाबाट हामीले निर्देशनालय मार्फत जिल्ला वन कार्यालय मार्फत समुदायलाई परिचालन गरेर हामीले सत्तरी लाख खर्च भयो पुरै पैसा खर्च हुन सकेन र अहिले यो बिचमा केही समुदायले यसलाई कम्पनीमा लैजान खोज्यो भनेर विभिन्न विवाद आए। समुदायमा केही अलिकति वन उपभोक्ता समूहहरुमा केही विवाद जस्तो देखियो तरपनि हामीले त्यसलाई एउटा वन ऐन बनाएर ऐनबाटै त्यसलाई गभर्न गरेर हामी जाने भनेर हामीले एउटा ऐन ड्राफ्ट भै रहेकोछ। अब यो सम्मानित सदनमा तुरन्तै त्यो आउँदै छ। यहाँहरुबाट छलफल गरेर नै हामीले त्यसलाई कसरी राम्ररी चलाउन सक्छौं ? कसरी अगाडि लैजान सक्छौं भनेर हामीले ऐनबाटै त्यसलाई गर्न खोजेका छौं। हामीले अहिले त्यसो कुनै कम्पनीमा लाने समुदायबाटै चलेर आएको हो त्यो त्यो कुनै कुरा भाछैन। हिजो एउटा क्लबले यहाँ विभिन्न महोत्सवहरु गरेर त्यसबाट बचेको पैसाले विगतमा चलाउँदै आएको हामीले सरकारले त्यसलाई व्यवस्थित गर्न खोजेका छौं। त्यो कानूनबाटै त्यसलाई व्यवस्थित हुन्छ। हामी वन ऐनबाटै त्यसको छुट्टै नियमावली बनाएरै संचालन गर्ने सोचेमा छौं। हामी त्यस्तो कसैलाई पनि सरकारी सम्पत्ति कम्पनीमा लैजाने व्यक्तिगत लाभ लिने हिसाबले त्यो अगाडि बढने छैन। त्यसमा हामीले शंका मान्नु पर्दैन। मैले हाम्रो विशेष अर्थ विकास समितिले पनि हाम्रो मन्त्रालयलाई बोलाएर मैले समितिमा पनि यो कुरा प्रष्ट पारी सकेको छु। तेस्रो, उद्योग ग्रामको सम्बन्धमा पनि धेरै कुराहरु यहाँ सम्मानित सभामा उठेका छन्। हामीले अहिले पचासीवटा स्थानीय तहको अध्ययन गरेका छौं। त्यसमा चालिसवटामा फिजिबिलिटी फिजिबल छ भनी रिपोर्ट हामीलाई प्राप्त भएको छ। सोह्र वटामा केही अलिकति केही मिलाउनु पर्ने केही जग्गा अपुग भएको त्यस्तो आएको छ र उन्नाइस वटामा स्थानीय तहहरुले हामीकहाँ उद्योग ग्राम सम्भव छैन। हामीकहाँ जमिन छैन। हामी यो धेरै उद्योगहरु स्थापना गर्न सकिन्न भनेर हामीलाई रिपोर्ट प्राप्त भएको छ पचासीवटामा त्यसमा दुई वटा हामी यो भोटे पोखरी र लोकाहा, नवलपुरको लोकाहा खोलामा अलि प्रदेश स्तरका ठूला औद्योगिक क्षेत्रको लागि हामीले यो केरे माथि उद्योग मन्त्रालयमा पठाएका छौं र एउटा गोरखामा अलि राष्ट्रिय स्तरकै त्यो विशेष गरी बालाजुले नै त्यसको अध्ययन गरिरहेको छ र यसरी राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र बनाउने भनेर यसको अध्ययन भएको छ र त्यो अब प्रदेश भित्रको दुई वटा गोरखकाली रबर उद्योगको पनि जुन जीर्ण अवस्था छ, त्यसको हामीले मन्त्रालयसँग समन्वय गरेर त्यहाँ कर्मचारीहरुले जुन तलब पाउनु पर्ने थियो त्यसको बजेटको व्यवस्था भाछ। अब त्यसको समस्या समाधान हुँदैछ र त्यसलाई अब कसरी संचालन गर्ने ? कसरी त्यसलाई अब अगाडि बढाउने भन्ने विषयमा पनि त्यहाँ रिपोर्ट संघीय उद्योग मन्त्रालयमा आएको छ र अब त्यसको बारेमा नयाँ छलफल हुँदैछ र हाम्रो भृकुटि कागज कारखानाको सम्बन्धमा जुन

२०४८ सालमा नीजिकरण भयो त्यो नीजिकरण गर्दाखेरि प्राइभेट संस्थाले जुन लियो त्यसले संचालन पनि गरेन त्यसले सम्झौता अनुसारको काम पनि गरेन। त्यो अनुसार अब कानून बनाएर त्यसको समस्या समाधान गर्ने भनेर त्यसको बारेमा पनि हामीले अर्थ मन्त्रालयसँग, उद्योग मन्त्रलायसँग समन्वय गरेका छौं । त्यो अब कानून बन्ने एउटा प्रकृयामा छ संघीय मन्त्रालयमा त्यसपछि पनि त्यसको पनि समस्या समाधान हुने कुरा म सम्मानित सभालाई जानकारी गराउन चाहन्छु र अर्को अब होमस्टेको बारे पनि धेरै कुराहरु आएका छन् । हामीले गत वर्षको तीस करोड बजेटबाट २७४ वटा होमस्टेहरुलाई प्रवर्द्धन गरेका छौं। ती होमस्टेहरुको स्मारिका हामीले निकाल्दै छौं। कस्ले के कस्तो काम गरे र यो साल पनि पच्चिस करोड रुपैयाँ हामीले होमस्टेलाई राखेका छौं र हामीले कार्यविधि अलि झंझटिलो भयो। होमस्टेलाई सहज रुपमा अब हामीले नयाँ होमस्टेलाई प्रवर्द्धन गर्ने कि नगर्ने ? त्यो बारेमा पनि हामीले यो साल कम से कम हिजो संचालनमा आएको यो २७४ भित्र नपरेका त्यस्तो राम्रा होमस्टेहरु तीस वटा जति यो वर्ष पनि हामीले प्रवर्द्धन गर्ने कि? र अब पच्चिस करोड रुपैया जुन छ ती होमस्टेहरुलाई ए, बि, सि, डि बनाएर, चार तहमा क्लासिफिकेशन गरेर राम्रो होमस्टेलाई कसरी अब प्रवर्द्धनमा लैजाने त्यसलाई उत्पादनमा कसरी जोडने त्यसलाई कति पैसासम्म दिने र हामीले यो अब हाम्रो कार्यविधि संशोधनको लागि एउटा मस्यौदा तयार भएको छ। यसलाई हामी माननीय सदस्यहरुसँग पनि छलफल गर्ने भनेर मन्त्रालयमा कुरा भएको छ। हामीले सबै माननीय सदस्यहरुलाई अब टिम बनाएर बोलाउने कि दुई टिममा एकै चोटि बनाएर त्यो मस्यौदा हामी तुरन्तै पारित गर्छौं। छलफल गर्छौं। त्यसपछि क्याबिनेटमा लगेर पारित गरे पछि अनि यो नयाँ पच्चिस करोड रुपैयाँ पनि हामी कार्यान्वयनमा लैजाने र त्यो तीनै अब नयाँ २७४ लाई मात्र हामी त्यो पैसा फेरि कसरी बाँडने यो विषय पनि कार्यविधिले नै क्लियर गर्नेछ र हामी कार्यविधि झंझटिलो बनाउने छैनौं र नयाँलाई धेरै दिने छैनौं। चलाई रहेका र विगतमा विभिन्न कारणले छुटेका केही २०-३० वटालाई हामी अब अनुगमनै गरेर, अब यसबाट रोजगारी सिर्जना हुने, ग्रामीण पर्यटनको विकास हुने, २०२२ मा आउने पर्यटकहरुलाई हामी गाउँ गाउँमा पुऱ्याउने सरकारको उद्देश्य छ। आज मात्र हाम्रो क्याबिनेटले निर्णय गरेको छ। हाम्रो गण्डकी प्रदेशका बाइस सय कर्मचारीहरुलाई अब सात दिनको लागि प्रत्येक होमस्टेमा जाने। गण्डकी प्रदेश भित्रका पर्यटकीय गन्तव्यहरुमा जाने सात दिन उनीहरुलाई हामी खर्च दिएर हामी पठाउँछौं र त्यो बसेर त्यहाँको रिपोर्ट पनि ल्याउने। त्यहाँको आफ्नो गाउँ, आफ्नो ठाउँ कस्तो छ? त्यसको एउटा रिपोर्ट पनि ल्याउने गरी आज पनि हाम्रो क्याबिनेटले यो कार्यविधि पास गरेको छ। कर्मचारीहरुलाई केरे यो भ्रमणमा पठाउने र त्यसमा पनि यो होमस्टेले अझ प्रवर्द्धनमा धेरै ठूलो टेवा पुऱ्याउने हामीले विश्वास लिएका छौं। म सम्मानित सदनलाई यो कुरा जानकारी गराउन चाहन्छु र अर्को आन्तरिक भ्रमण वर्ष २०१९ को लागि अन्तरराष्ट्रिय विश्व भ्रमण दिवसको जुन असोज १० गते पर्छ त्यो दिन हामीले पाँचै प्रदेशका केरे यो सातै प्रदेशका मुख्यमन्त्रीहरुलाई हामी स्थानीय त्यहाँका जनताहरुलाई हाम्रो गण्डकी प्रदेशमा भ्रमणको लागि आव्हान गर्न जाने भनेर हाम्रो आन्तरिक भ्रमण वर्षको मूल आयोजक समितिले तयारी गरेको छ। त्यसमा हाम्रो हान, टान जस्ता स्थानीय पर्यटनसँग सम्बन्धित संघ संस्थाहरुलाई, व्यवसायिकहरुलाई उद्योग वाणिज्य संघहरुलाई, हामीसँगै लिएर जाने र सबै ठाउँमा यो रोड शो कार्यक्रम पनि गर्ने यहाँका कलाकारहरुलाई पनि लिएर जाने र यो गण्डकी प्रदेशमा हामी पुषभित्र यो अहिलेको सिजनमा असोजदेखि पुषभित्र हामीले आन्तरिक पन्ध्र लाख पर्यटकहरु ल्याउने भनेर मन्त्रालयमा योजना भई रहेको छ। म यहाँ माननीय सदस्यहरुलाई पनि यो कुरा जानकारी गराउन चाहन्छु र पचासीवटा स्थानीय तहमा र एघारवटा जिल्लामा हामीले मूल समिति बनाउँदै छौं। अब यो दसैंमा पनि सबैलाई देश विदेशमा रहनेहरुलाई तपाईं आफ्नो गाउँमा आउनुस, तपाईं त्यहाँ रोटे पिङ्ग खेल्नुस, तपाईं लठ्ठे पिङ्ग खेल्नुस, तपाईं चमोचा खेल्नुस, तपाईंको गाउँमा तपाईं फेरि आउनुस, रमाउनुस भनेर सबैलाई आव्हान गर्ने। हामी स्थानीय तहलाई पनि परिचालन गर्न खोज्दैछौं। जिल्ला समन्वय समितिलाई पनि परिचालन गर्न खोज्दैछौं। मूल आयोजक समिति त्यसमा लागेको छ र हामी माननीय सदस्यहरु पनि र हामी सबै जनप्रतिनिधिहरु आ-आफ्नो ठाउँमा जुन जुन ठाउँमा हाम्रो कार्यक्षेत्र छ, त्यो ठाउँमा त्यो कामहरु भएको छ कि छैन? त्यो काम प्रभावकारी हिसाबले अगाडि बढेको छ कि छैन? त्यसलाई हामी कसरी आव्हान गर्ने यसरी मूल आयोजक समितिले त्यो काम अगाडि बढाएको छ। सबै यो भ्रमण वर्ष प्रभावकारी हिसाबले अगाडि बढाउनको निम्ति र हामी यो अलि कति पर्यटकहरु हाम्रो क्यापासिटी कति हो त ? हाम्रो क्षमता के हो त? के गर्दाखेरि हामी भ्रमण वर्षलाई प्रभावकारी बनाउन सक्छौं र म यही सभाबाट पनि माननीय सदस्यहरुलाई अहिले संघीय माननीय सदस्यहरुसँग ६ करोड आउँदै छ। प्रदेश माननीय सदस्यले २ करोड रुपैयाँ आउँदै छ। यो पैसा पनि विशेष गरी पर्यटन क्षेत्रमा, पर्यटनको लागि

प्रचार प्रसारमा यहाँहरुले पनि विनियोजन गरेर भ्रमण वर्षलाई सफल बनाउनको निम्ति सहयोग पुऱ्याउनु हुनेछ भन्दै मैले यो आज सदनमा उठेका विषयहरु यतै राख्दै मेरो भनाईहरु यहीं अन्त्य गर्दछु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म मिति २०७६ साल साउन १० गते बसेको सभाको एकतिसौँ बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाईएको **"पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक"** को प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीलाई समय दिन्छु ।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यू, सम्मानित सभाको मिति २०७६ साल साउन ९ गते बसेको बैठकको निर्णय अुनसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत **"पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक"** सम्बन्धमा छलफल गर्न मिति २०७१ साल साउन १५, १६, १७, २१, २५ र २७ गते समितिको बैठक बसेको थियो। समितिको बैठक समितिका माननीय मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो। बैठकमा समितिका माननीय सदस्यहरु श्री आशा कोइराला, श्री कृष्ण चन्द्र नेपाली, चन्द्र बहादुर बुढा, धञ्नजय दवाडी, धनमाया पोख्रेल लामा, मणिभद्र शर्मा, राजिव पहारी, श्री ललितकला गुरुङ्ग, विष्णु प्रसाद लामिछाने, सावित्रा राना, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरि बहादुर चुमानको उपस्थिति रहेको थियो भने विधेयकका संशोधन प्रस्तावकर्ता माननीय कृष्ण थापा समेतको विशेष उपस्थिति रहेको थियो। यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी, सबैको राय परामर्श समेत लिई समितिको सर्वसम्मतिबाट निर्णय भए बमोजिम संलग्न संशोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु।

मोहन प्रसाद रेग्मी
सभापति
विधायन समिति

धन्यवाद ।

## माननीय सभामुख

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल भाद्र ५ गते दिनको १ः०० बजे सम्मको लागि स्थगित हुन्छ ।**